प्यूठान नगरपालिका

# प्यूठान नगर कार्यपालिकाको विषयगत समितिहरुको कार्य सञ्चालन कार्यविधि, २०७५

# प्यूठान नगर कार्यपालिकाको विषयगत समितिहरुको कार्य सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना :**

प्यूठान नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ मा कार्यपालिकामा निर्णयका लागि पेश भएका प्रस्तावमा निर्णय गर्नु पूर्व आवश्यकता अनुसार राय सल्लाह र सुझाव लिनका लागि विभिन्न समितिहरु रहने व्यवस्था भएको र अनुसूची ३ मा कार्य क्षेत्र तोकिएको विषयगत समितिले तोकिएको कार्य क्षेत्र भित्र रही आफ्नो कार्यलाई व्यवस्थित वनाई नगरपालिकाबाट प्रदान गरिने सेवा र विकास निर्माण कार्यलाई अझ प्रभावकारी वनाउन यो कार्यविधि वनाई प्यूठान नगरपालिका, नगर कार्यपालिकाले मिति २०७५।१०।१४ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१.** संक्षिप्त नाम र प्रारम्भ :१) यस कार्यविधिको नाम प्यूठान नगर कार्यपालिकाको विषयगत समितिहरुको कार्य संचालन कार्यविधि, २०७५ रहेको छ ।

२. यो कार्यविधि नगर कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

## परिच्छेद २

## कार्य सम्पादन प्रणाली

### २.विषयगत समितिहरुबाट कार्य फछ्र्यौट

२.१)समितिको वैठक १) नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली २०७४ ले प्रदान गरेको क्षेत्राधिकार भित्र रही नगर कार्यपालिकाको वैठकमा पेश भएका प्रस्तावहरु उपर छलफलका लागि कार्यपालिकाको वैठक विषयगत समितिमा छलफलका लागि पठाइएको अवस्थामा आवश्यकता अनुसार संयोजक बाट वैठक वोलाउने सकिने छ ।

२.आफ्नो कार्यक्षेत्र भित्र परेका विषयगत क्षेत्रहरुको विषयमा व्यापक छलफल, विगतका कार्यको समीक्षा र तत्कालीन कार्यको मूल्याङ्कन आगामी वर्षको कार्ययोजनाका लागि प्रत्येक ३/३ महिनामा समितिको वैठक वस्ने छ ।

**३.** वैठकको निर्णयको प्रतिलिपि नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

**३. कार्य सम्पादन**

१) समितिले अन्य विषयगत समितिहरुसंग समन्वय गरी नगर क्षेत्रको समग्र विकासमा सामुहिक उत्तरदायित्व बहन गर्नका लागि जिम्मेवार वन्नु पर्नेछ ।

२) आफ्नो क्षेत्राधिकार भित्रका नगर सभा तथा कार्यपालिका वैठकबाट स्वीकृत कार्यक्रम भित्र रहेका कामहरुको अनुगमन गर्ने, राय सल्लाह सुझाव दिने कार्यलाई प्रभावकारी वनाउन सहयोग पुर्याउनु पर्नेछ । योजना तर्जुमा स्वीकृति तथा कार्यान्वयनमा सक्रिय भूमिका खेल्नु पर्नेछ ।

३) विषयगत शाखा, गैर सरकारी संस्था तथा निजी क्षेत्रहरुलाई आवश्यक निर्देशन, सल्लाह सुझाव दिई प्रभावकारी वनाउन समितिको भूमिका हुनेछ ।

४) यसै बमोजिमको मानिने : यस कार्यविधि स्वीकृत हुन भन्दा पहिले भए गरेका कार्यहरु यसै बमोजिम भए गरेको मानिने छ ।